बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक (कार्यक्षेत्रः काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक)

## प्रस्ताव आव्हानको सूचना

सूचना नं. १

प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१८

यस पशु सेवा कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक एवं मापदण्ड पुरा गरेका पशुपालक तथा मत्स्यपालक कृषक समूह/सहकारी/निजी उद्यमीले यो सूचना प्रकाशित मितिले २१ (एक्काइस) दिन भित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र यस कार्यालय वा पशु सेवा केन्द्र, चौतारा, सिन्धुपाल्चोकमा आवेदन दर्ता गराउनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै म्याद नाघि वा रितपूर्वक दर्ता हुन नआएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश नगरिने व्यहोरा समेत सूचित गरिन्छ।

| क्र. सं. | कार्यक्रम | एकाई | परिमाण | कुल बजेट (लाख) | आवेदक | कार्यविधि | स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | संख्या | २० | १४ | दुग्ध उत्पादक सहकारी संस्था वा निजी फार्म | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक |
| २ | पशुपन्छी तथा मत्स्य उद्यमशीलता विकास कार्यक्रम | संख्या | २० | २८ | निजी पशुपन्छी तथा मत्स्य फार्म/कम्पनी/उद्यमी | | |
| ३ | मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम | संख्या | ३० | २१ | लक्षित वर्गका पशुपन्छी तथा मत्स्यपालक कृषक | | |
| ४ | मत्स्यपालन क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | ४ | १४ | मत्स्यपालनमा आवद्ध कृषक/समूह/सहकारी/निजी उद्यमी | | |
| ५ | पशुपन्छीको मल प्रशोधनको लागि प्रविधि तथा पूर्वाधार सहयोग कार्यक्रम | पटक | १ | ६.३ | पशुपन्छीपालक निजी फार्म | | |

### संलग्न गर्नुपर्ने कागजातहरु

१. एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अनुसुची -२ बमोजिम रु. दश (१०) को हुलाक टिकट टाँस गरेको आवेदन, अनुसूची -४ बमोजिमको कार्ययोजना, अनुसूची -५ बमोजिमको प्रतिबद्धता पत्र, अनुसूची -६ बमोजिमको कार्यस्थान खुल्ने नक्सा र अनुसूची -२५ बमोजिमको स्वघोषणा

२. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि

३. कृषक समूह/सहकारी/निजी उद्यमीको संस्था दर्ता तथा नवीकरणको प्रतिलिपि

४. आ.व २०८१/८२ को लेखा परीक्षण प्रतिवेदन (आवश्यक पर्नेको हकमा मात्र) र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

५. आवेदकको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि

६. कार्यक्रममा सहभागि गराईदिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस (पशु सेवा शाखाबाट पशुपन्छीको संख्या समेत खुलाउनुपर्ने)

७. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए सूचनाको अन्तिम मितिले न्यूनतम ५ (पाँच) वर्षको करार सम्झौता पत्र

८. सम्बन्धित कार्यविधिमा तोकिए बमोजिमका अन्य आवश्यक कागजातहरु

कृषक समूह/सहकारीको हकमा मात्र लागु हुने

- कार्यक्रममा सहभागिता सम्बन्धी (सहकारी/समूहको हकमा) कृषक समूह सहकारीको बैठकको निर्णय प्रतिलिपि
- कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समूह/ सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृपक छनौट गरी कृषकको नाम र ठेगाना खुलाईएको पत्र
- आ.व २०८१/८२ को साधारण सभाको बैठक निर्णय प्रतिलिपि
- आवेदन प्रक्रियाका लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई दिइएको अख्तियारी पत्र

पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम

१. प्रस्तावक सहकारी संस्था सूचना प्रकाशनको मितिमा स्थापना भएको न्यूनतम १ (एक) वर्ष पुरा भई दैनिक न्यूनतम १०० (एक सय) लिटर दुध संकलन गरेको हुनु पर्ने

२. आवेदक संस्थामा आवद्ध कृषक (निजि फार्मको हकमा समेत) ले काभ्रेको हकमा दैनिक कम्तिमा २० (बीस) लिटर र सिन्धुपाल्चोकको हकमा दैनिक कम्तिमा ८ (आठ ) लिटर दुध बिक्री गरेको हुनु पर्ने

३. अनुसूची १५ बमोजिमको विवरण

४. पशु विमा गरेको कागजात हुनुपर्ने

मागमा आधारित जिवीकोपार्जन सहयोग कार्यक्रम

१. स्थानीय तहले आवेदक आर्थिक विपन्नता भएको र कार्यक्रममा सहभागी गराईदिने सम्वन्धि सिफारिस पत्र ।

२. सम्वन्धित व्यक्तिको नागरिकताको प्रतिलिपि।

३. व्यक्तिगत स्थायी लेखा नम्बर (PAN) को प्रतिलिपि

(लक्षित वर्ग भन्नाले आर्थिक रुपले कमजोर आदिवासी जनजनजाति, महिला, दलित, पिछडिएको वर्ग, अल्पसंख्यक जनजाति, अपाङ्गता भएका व्यक्ति, विपन्न खस आर्य, एकल महिला, सहिद परिवार, जेष्ठ नागरिक तथा अन्य पिछडिएका समुदाय तथा भुगोल समेत जनाउँछ।)

कार्यक्रम कार्यान्वयनको क्रममा प्रदेश सरकारबाट कार्यक्रम संशोधन भइ स्विकृत बजेट एवं लक्ष्य परिमाणमा परिवर्तन भएमा सोही अनुरुप कार्यक्रम सम्झौता तथा कार्यान्वयन हुनेछ।

नोटः सूचनामा उल्लेखित कार्यक्रमको बिस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०११-४९०२६६, ०११-४९०८९२ वा यस कार्यालयको वेबसाईट www.lsokavre.bagamati.gov.np बाट डाउनलोड गरि लिन सकिने

डा. ब्रज किशोर ठाकुर
वरिष्ठ पशु चिकित्सक
अधिकृतस्तर नवौं
कार्यालय प्रमुख